# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, असार २९ गते २०४९ साल (संख्या १४

## भाग ३

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

#### सरकारी वकिल सम्बन्धी (पाँचौं संशोधन) नियमावली, २०४९

सरकारी वकिल सम्बन्धी नियमावली, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "सरकारी वकिल सम्बन्धी (पाँचौं संशोधन) नियमावली, २०४९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. सरकारी वकिल सम्बन्धी नियमावली, २०२८ को नियम ३ मा संशोधनः सरकारी वकिल सम्बन्धी नियमावली, २०२८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ मा रहेको "नेपालको संविधान" भन्ने शब्दहरूको सट्टा "नेपाल अधिराज्यको संविधान २०४७" भन्ने शब्दहरू राखिएका छन्।

३. मूल नियमावलीको नियम ६ मा संशोधनः मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छः–

"६. सरकारी वकिलको कार्यालयः (१) महान्यायाधिवक्ताको कार्यालय काठमाडौंमा रहनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) प्रत्येक पुनरावेदन अदालतको मुकाम रहेको स्थानमा पुनरावेदन सरकारी वकिल कार्यालय रहनेछ ।

(३) प्रत्येक जिल्ला अदालतको मुकाम रहेको स्थानमा जिल्ला सरकारी वकिल कार्यालय रहनेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि पुनरावेदन सरकारी वकिल कार्यालय रहेको मुकाममा छुट्टै जिल्ला सरकारी वकिल कार्यालय रहने छैन ।

(५) महान्यायाधिवक्ताको कार्यालय, पुनरावेदन सरकारी वकिल कार्यालय र जिल्ला सरकारी वकिल कार्यालयहरूमा आवश्यक संख्यामा सरकारी वकिलहरू रहने छन् ।"

४. मूल नियमावलीको नियम ८ मा संशोधनः मूल नियमावलीको नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छः–

"८. सरकारी वकिलको सरुवा र कायम मुकायमः (१) राजपत्राङ्कित सरकारी वकिलको सरुवा न्याय सेवा आयोगको सिफारिशमा श्री ५ को सरकारले गर्नेछ ।

(२) राजपत्र अनङ्कित कर्मचारीहरूको सरुवा आफ्नो क्षेत्रभित्र सम्बन्धित पुनरावेदन सरकारी वकिल कार्यालयको सह-न्यायाधिवक्ताले गर्न सक्नेछ ।

(३) आफ्नो क्षेत्र भित्रका राजपत्र अनङ्कित कर्मचारीहरूलाई सम्बन्धित पुनरावेदन सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्ताले राजपत्राङ्कित तृतीय श्रेणीको सरकारी वकिलको पदमा कायम मुकायम मुकरर गर्न सक्नेछ ।

(४) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि महान्यायाधिवक्ताले सबै सरकारी वकिल कार्यालयका सरकारी वकिल पदमा कायम मुकायम मुकरर गर्न र सबै सरकारी वकिल कार्यालयका राजपत्र अनङ्कित कर्मचारीहरूलाई सरुवा गर्न यस नियमावलीको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।"

५. मूल नियमावलीको नियम ९ मा संशोधनः मूल नियमावलीको नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"६. सरकारी वकिलको बिदाः (१) महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकिल र पुनरावेदन सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्तालाई महान्यायाधिवक्ताले बिदा दिन सक्नेछ।

(२) पुनरावेदन सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्ताले आफ्नो क्षेत्रभित्रका सबै सरकारी वकिललाई बिदा दिन सक्नेछ।

(३) भैपरी आउने बिदा र पर्व बिदा कामको व्यवस्था मिलाई सम्बन्धित पुनरावेदन सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्ता र जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधिवक्ताले स्वयं लिन सक्नेछन्।

(४) बिरामी बिदा माग गर्दा सरकारी अस्पताल नजीक पर्नेले सकेसम्म सरकारी अस्पतालबाटै बिरामीको निस्सा लिइ बिदाको निवेदनसाथ पेश गर्नु पर्नेछ।

(५) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन बिदा र असाधारण बिदा श्री ५ को सरकारले मात्र दिन सक्नेछ।"

६. मूल नियमावलीको नियम ११ मा संशोधनः मूल नियमावलीको नियम ११ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) यस नियमावलीको अन्य नियममा लेखिएको कुराको अधिनमा रही जिल्ला सरकारी वकिल कार्यालय तथा पुनरावेदन सरकारी वकिल कार्यालयका सरकारी वकिलहरू सम्बन्धित पुनरावेदन सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्ताको र सबै सरकारी वकिलहरू महा-न्यायाधिवक्ताको प्रशासकीय रेखदेख, नियन्त्रण र निर्देशनमा रहने छन्।"

(२) उपनियम (२) मा रहेका "क्षेत्रीय न्यायाधिवक्ता कार्यालयहरूले" भन्ने शब्दहरूको सट्टा "पुनरावेदन सरकारी वकिल कार्यालयहरूले" भन्ने शब्दहरू राखिएका छन्।

७. मूल नियमावलीको नियम १२ मा संशोधनः मूल नियमावलीको नियम १२ को,-

(१) उपनियम (१) (क) मा रहको "क्षेत्रीय" भन्ने शब्दको सट्टा "पुनरावेदन" भन्ने शब्द र "क्षेत्रीय न्यायाधिवक्तालाई" भन्ने शब्दहरूको सट्टा "पुनरावेदन सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्तालाई" भन्ने शब्दहरू राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (२) मा रहेका "अंचल सरकारी वकिल कार्यालय र" भन्ने शब्दहरू झिकिएका छन् र सोही उपनियमको प्रतिवन्धात्मक वाक्यांशमा रहेको "अंचल न्यायाधिवक्ताको" भन्ने शब्दहरूको सट्टा "पुनरावेदन सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्ताको" भन्ने शब्दहरू राखिएका छन् ।

८. मूल नियमावलीको नियम १३ मा संशोधनः मूल नियमावलीको नियम १३ को उपनियम (२) मा रहेको "क्षेत्रीय सरकारी वकिल कार्यालय, अञ्चल सरकारी वकिल कार्यालय" भन्ने शब्दहरूको सट्टा "पुनरावेदन सरकारी वकिल कार्यालय" भन्ने शब्दहरू र "क्षेत्रीय न्यायाधिवक्ता कार्यालय" भन्ने शब्दहरूको सट्टा "पुनरावेदन सरकारी वकिल कार्यालय" भन्ने शब्दहरू राखिएका छन् ।

९. मूल नियमावलीको नियम १४ मा संशोधनः मूल नियमावलीको नियम १४ को,-

(१) उपनियम (१) मा रहेको "क्षेत्रीय सरकारी वकिल कार्यालयमा र सम्बन्धित अंचल" भन्ने शब्दहरूको सट्टा "पुनरावेदन" भन्ने शब्द राखिएको छ ।

(२) उपनियम (२) झिकिएको छ ।

(३) उपनियम (३) मा रहेको "क्षेत्रीय" भन्ने शब्दको सट्टा "पुनरावेदन" भन्ने शब्द राखिएको छ ।

(४) उपनियम (४) मा रहेका "कानून तथा न्याय" भन्ने शब्दहरूको सट्टा "कानून, न्याय तथा संसदीय व्यवस्था" भन्ने शब्दहरू राखिएका छन् ।

(५) उपनियम (६) मा रहेको "क्षेत्रीय" भन्ने शब्दको सट्टा "पुनरावेदन" भन्ने शब्द र सोही उपनियमको प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ख) मा रहेका "क्षेत्रीय न्यायाधिवक्ताले" भन्ने शब्दहरूको सट्टा "पुनरावेदन सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्ताले" भन्ने शब्दहरू र "कानून तथा न्याय" भन्ने शब्दहरूको सट्टा "कानून, न्याय तथा संसदीय व्यवस्था" भन्ने शब्दहरू राखिएका छन् ।

१०. मूल नियमावलीको नियम १५ मा संशोधनः मूल नियमावलीको नियम १५ को सट्टा देहायको नियम १५ राखिएको छः–

"१५. मुख्य कानूनी सल्लाहकारको हैसियतमा कामः (१) संवैधानिक एवं कानूनी विषयमा श्री ५ को सरकार र श्री ५ को सरकारले



९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तोकी दिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु महान्यायाधिवक्ताको कर्तव्य हुनेछ ।

(२) महान्यायाधिवक्तासँग राय सल्लाह लिंदा श्री ५ को सरकार तर्फबाट सम्बन्धित मन्त्रालयको सचिवले र अन्य अवस्थामा सम्बन्धित पदाधिकारीले महान्यायाधिवक्तालाई लेखी पठाउनु पर्छ ।

(३) उपनियम (१) बमोजिम महान्यायाधिवक्ताले दिएको रायको एक प्रति कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयलाई दिनु पर्छ ।"

११. मूल नियमावलीको परिच्छेद–५ क. को शीर्षकमा संशोधनः मूल नियमावलीको परिच्छेद ५क. को शीर्षकमा रहेका "क्षेत्रीय न्यायाधिवक्ता" भन्ने शब्दहरूको सट्टा "पुनरावेदन सरकारी वकिल कार्यालय" भन्ने शब्दहरू राखिएका छन् ।

१२. मूल नियमावलीको नियम २०क. मा संशोधनः मूल नियमावलीको नियम २०क.को,– (१) शीर्षकमा र पहिलो प्रकरणमा रहेका "क्षेत्रीय न्यायाधिवक्ता" भन्ने शब्दहरूको सट्टा "पुनरावेदन सरकारी वकिल कार्यालयका सरकारी वकिलहरू" भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (ग) मा रहेका "खटाए बमोजिम" भन्ने शब्दहरूको अगाडि "वा महान्यायाधिवक्ताले" भन्ने शब्दहरू थपिएका छन् ।

(३) खण्ड (च) मा रहेका "यस नियमावली बमोजिम" भन्ने शब्दहरूको अगाडी "पुनरावेदन सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्ताले" भन्ने शब्दहरू थपिएका छन् ।

१३. मूल नियमावलीको नियम २०ख. मा संशोधन: मूल नियमावलीको नियम २०ख. को सट्टा देहाएको नियम २०ख. राखिएको छः–

"२०ख. राय सल्लाह दिने: आफ्नो क्षेत्रभित्रका सरकारी कार्यालयले कानूनी विषयमा राय सल्लाह मागेमा सो दिनु पुनरावेदन सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्ताको कर्तव्य हुनेछ ।

तर पुनरावेदन सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्ता बसेको मुकाम बाहेकको अन्य सरकारी कार्यालयले उक्त राय निजसँग माग्नु परेमा सम्बन्धित जिल्ला न्यायाधिवक्तासँग राय नलिएको वा रायमा चित्त नबुझेको कारण समेत खुलाइ रायको प्रतिलिपि संलग्न गरी पठाएको हुनु पर्छ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. मूल नियमावलीको परिच्छेद – ६ को शीर्षकमा संशोधन : मूल नियमावलीको परिच्छेद– ६ को शीर्षकमा रहेको "अंचल न्यायाधिवक्ता" भन्ने शब्दहरू को सट्टा "जिल्ला न्यायाधिवक्ता" भन्ने शब्दहरू राखिएका छन् ।

१५. मूल नियमावलीको नियम २३ मा संशोधन : मूल नियमावलीको नियम २३ को सट्टा देहायको नियम २३ राखिएको छ :–

"२३. जिल्ला भित्रका सरकारी कार्यालयले कानूनी विषयमा राय सल्लाह मागेमा सो दिनु सम्बन्धित जिल्ला न्यायाधिवक्ताको कर्तव्य हुनेछ।"

१६. मूल नियमावलीको नियम २५ मा संशोधन: मूल नियमावलीको नियम २५ मा रहेका "अंचल न्यायाधिवक्ता" भन्ने शब्दहरूको सट्टा "पुनरावेदन सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्ता" भन्ने शब्दहरू राखिएका छन् ।

१७. मूल नियमावलीको नियम २८ मा संशोधन : मूल नियमावलीको नियम २८ को सट्टा देहायको नियम २८ राखिएको छ :–

"२८. पुनरावेदन गर्न अनुमति माग्ने सम्बन्धी कारवाही:

(१) न्याय प्रशासन ऐन, २०४८ को दफा १२ अन्तर्गत कुनै मुद्दा दोहोऱ्याउने निवेदन दिन उपयुक्त लागेमा त्यस्तो मुद्दामा पुनरावेदन अदालतबाट फैसला वा अन्तिम आदेश भएको मितिले दश दिनभित्र सम्बन्धित पुनरावेदन सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्ताले निवेदनको मस्यौदा गरी कारण खुलाइ निवेदन गर्ने प्रस्ताव महान्यायाधिवक्ता समक्ष पठाउनु पर्छ । महान्यायाधिवक्ताले सो बमोजिम प्रस्ताव प्राप्त भएपछि उपयुक्त सम्झेमा श्री ५ को सरकारको तर्फबाट सर्वोच्च अदालतमा निवेदन दिने दिलाउने छ ।

(२) कुनै अदालत, निकाय वा अधिकारीबाट भएको आदेश वा अन्तरकालीन आदेश उपर न्याय प्रशासन ऐन, २०४८ को दफा १६ बमोजिम पुनरावेदन सुन्ने अदालत वा सर्वोच्च अदालतमा निवेदन दिन उपयुक्त लागेमा सम्बन्धित सरकारी वकिलले निवेदन मस्यौदा गरी कारण खुलाइ निवेदन गर्ने प्रस्ताव आदेशको जनाउ प्राप्त भएको दश दिनभित्र जिल्ला न्यायाधिवक्ताले भए पुनरावेदन सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्ता समक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र पुनरावेदन सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्ताले भए महान्यायाधिवक्ता समक्ष पठाउनु पर्छ । पुनरावेदन सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्ता वा महान्यायाधिवक्ताले सो बमोजिम प्रस्ताव प्राप्त भएपछि उपयुक्त सम्झेमा श्री ५ को सरकारको तर्फबाट सम्बन्धित अदालतमा निवेदन दिने दिलाउने छ ।"

१८. मूल नियमावलीको नियम ३३ मा संशोधनः मूल नियमावलीको नियम ३३ मा रहेको "क्षेत्रीय अदालत, अञ्चल अदालत" भन्ने शब्दहरूको सट्टा "पुनरावेदन अदालत" भन्ने शब्दहरू राखिएका छन् ।

१९. मूल नियमावलीको नियम ३४ मा संशोधनः मूल नियमावलीको नियम ३४ को,–

(१) उपनियम (१) मा रहेका "श्री ५ को सरकार वा यस सम्बन्धमा अधिकार प्राप्त विभागीय प्रमुख" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित सरकारी वकिल" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (२) मा रहेका "अञ्चल न्यायाधिवक्ताको राय लिई" भन्ने शब्दहरू झिकिएका छन् ।

(३) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः–

"(३) उपनियम (१) र (२) बमोजिमको प्रतिवेदन सहितका कागजातहरू प्राप्त भएपछि सम्बन्धित सरकारी वकिलले मुद्दा चल्ने नचल्ने निर्णय गरी मुद्दा चल्ने निर्णय भएकोमा श्री ५ को सरकारको तर्फबाट सम्बन्धित अदालत वा निकायमा नालीस दायर गर्नेछ ।"

२०. मूल नियमावलीको नियम ४१ मा संशोधनः मूल नियमावलीको नियम ४१ को,–

(१) उपनियम (२) मा रहेको "सरकारी अधिवक्ता" र "सह-न्यायाधिवक्ता" भन्ने शब्दहरूको सट्टा "महा-न्यायाधिवक्ताको कार्यालय" भन्ने शब्दहरू र "कानून तथा न्याय" भन्ने शब्दहरूको सट्टा "कानून, न्याय तथा संसदीय व्यवस्था" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (४) मा रहेका "सह-न्यायाधिवक्ताको" भन्ने शब्दहरूको सट्टा "महा-न्यायाधिवक्ताको कार्यालयको" भन्ने शब्दहरू राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (६) मा रहेका "कानून तथा न्याय" भन्ने शब्दहरूको सट्टा "कानून, न्याय तथा संसदीय व्यवस्था" भन्ने शब्दहरू राखिएका छन् ।

२१. मूल नियमावलीको नियम ४४ मा संशोधन : मूल नियमावलीको नियम ४४ मा रहेका "कानून तथा न्याय" भन्ने शब्दहरूको सट्टा "कानून, न्याय तथा संसदीय व्यवस्था" भन्ने शब्दहरू राखिएका छन् ।

२२. मूल नियमावलीको नियम ५० मा संशोधनः मूल नियमावलीको नियम ५० को,–

(१) उपनियम (१) मा रहेका "अंचल न्यायाधिवक्ताले" भन्ने शब्दहरूको सट्टा "पुनरावेदन सरकारी वकिल कार्यालयको सह-न्यायाधिवक्ताले" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः–

"(२) पुनरावेदन सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्ताको गोप्य प्रतिवेदन मुख्य न्यायाधिवक्ताले भर्ने र महा-न्यायाधिवक्ताले जाच्नेछ ।"

२३. मूल नियमावलीको नियम ५२ मा संशोधनः मूल नियमावलीको नियम ५२ को सट्टा देहायको नियम ५२ राखिएको छः–

"५२ कानून व्यवसायको सुविधा : सरकारी वकिललाई महा-न्यायाधिवक्ताले आवश्यक शर्त तथा अवस्था तोकी सरकारी संघ संस्थाहरूमा कानून व्यवसाय गर्न पाउने सुविधा दिन सक्नेछ ।"

२४. खारेजी : मूल नियमावलीको नियम ७, १७, २१, २४, र ३५ खारेज गरिएका छन् ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

९८८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

### श्री ५ को सरकार
## शिक्षा तथा संस्कृति मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले नेपाल शिक्षा सेवा ( समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा ) नियमहरू, २०३३ को नियम ३ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरूको अनुसूची १ को क्रम संख्या ८ को सट्टा देहायको क्रम संख्या ८ गरी क्रम संख्या ९ पछि देहायको क्रम संख्या १० र ११ कायम गरेको छ ।

८. टेष्ट एण्ड मेजरमेण्ट
१०. गाइडेन्स एण्ड काउन्सेलीङ
११. संगीत तथा नृत्य

### सूचना २

श्री ५ को सरकारले नेपाल शिक्षा सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा ) नियमहरू, २०३३ को नियम ५ को उपनियम ६ ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरूको अनुसूची–२ क्रम संख्या ५ को सट्टा देहायबमोजिम क्रम संख्या ५ राखेको र क्रम संख्या ११ मा कायम भएको संगीत तथा नृत्य समूहको लागि देहायबमोजिमको न्यूनतम शैक्षिक योग्यता कायम गरेको छ ।

५. फिजिकल एजुकेशन समूह– स्नातक भै शारीरिक शिक्षामा डिग्री वा डिप्लोमा वा घटीमा ६ महीनाको शारीरिक शिक्षा सम्बन्धी तालीम प्राप्त ।

वा

शारीरिक शिक्षा खेलकूद, एथ्लेटिक्समध्ये कुनै एक मुख्य विषय लिई स्नातक वा सो सरह ।

११. संगीत तथा नृत्य समूह– नृत्य वा संगीत मुख्य विषय लिई स्नातक वा सो सरह ।

### सूचना ३

श्री ५ को सरकारको मिति २०४८।२।१२ को निर्णयानुसार शिक्षा तथा संस्कृति मन्त्रालय अन्तर्गतका कार्यालयहरूमा रहेका नेपाल शिक्षा सेवा साबिक फिजिकल एजुकेशन समूहका विभिन्न श्रेणी तहका पद तथा पदाधिकारीहरूलाई देहायबमोजिमको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समूहमा समूहीकृत गरिएकोले नेपाल शिक्षा सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ३ को उपनियम (५) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

५. फिजिकल एजुकेशन समूह

| | कार्यालय | श्रेणी | पद, नाम | पदाधिकारी |
|---|---|---|---|---|
| क) | पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र | रा.प. द्वितीय (उपसचिवस्तर) | उपसचिव | श्री गजेन्द्रलाल प्रधान |
| ख) | " " | रा.प. द्वितीय (सहायक सचिवस्तर) | सहायक विज्ञ | श्री पूर्णबहादुर रानाभाट |
| ग) | " " | रा.प. तृतीय | " | सुश्री राज्यलक्ष्मी नकर्मी |
| घ) | क्षेत्रीय शिक्षा निरीक्षकको कार्यालय, पूर्वाञ्चल | " | पी.टी. तथा गेम्स प्रशिक्षक | श्री हिरा खड्का |
| ङ) | " " | " | " | श्री रणबहादुर बानिया |
| च) | " " | " | " | श्री मोहनबहादुर के.सी. |
| छ) | क्षेत्रीय शिक्षा निरीक्षकको कार्यालय, मध्यमाञ्चल | " | " | श्री किशोरप्रसाद शर्मा |
| ज) | " " | " | " | श्री अर्जुनसिंह बस्नेत |
| झ) | " " | " | " | श्री हरिसुन्दर श्रेष्ठ |
| ञ) | " " | " | " | श्री ज्ञानबहादुर थापा |
| ट) | क्षेत्रीय शिक्षा निरीक्षकको कार्यालय, पश्चिमाञ्चल | " | " | श्री कल्याण शेरचन |
| ठ) | " " | " | " | श्री रणबहादुर थापा |
| ड) | " " | " | " | श्री योगेन्द्रबहादुर बस्नेत |
| ढ) | क्षेत्रीय शिक्षा निरीक्षकको कार्यालय, मध्यपश्चिमाञ्चल | " | " | श्री राकेश श्रीवास्तव |
| ण) | क्षेत्रीय शिक्षा निरीक्षकको कार्यालय, मध्यपश्चिमाञ्चल | " | " | श्री कृष्ण कार्की |
| त) | " " | " | " | श्री टेकबहादुर थापा |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| थ) | क्षेत्रीय शिक्षा निरीक्षकको कार्यालय, सुदूर पश्चिमाञ्चल | रा.प.तृ. | पी.टी.तथा गेम्स प्रशिक्षक | श्री रामहरिदास श्रेष्ठ |
| द) | " " | " | " | श्री महेन्द्रसिंह श्रेष्ठ |

११. <u>संगीत तथा नृत्य समूह</u>

| | | | | |
|---|---|---|---|---|
| क) | पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र | " | प्रा.शा.अ. | श्री एकराज राई |
| ख) | " " | " | संगीत प्रशिक्षक | श्री भगतसिंह वाग्दास |
| ग) | क्षेत्रीय शिक्षा निरीक्षकको कार्यालय, पूर्वाञ्चल | " | " | श्री कालीप्रसाद शर्मा |
| घ) | क्षेत्रीय शिक्षा निरीक्षकको कार्यालय, पश्चिमाञ्चल | " | " | श्री मनोरञ्जन जोशी |
| ङ) | क्षेत्रीय शिक्षा निरीक्षकको कार्यालय, मध्यपश्चिमाञ्चल | " | " | रिक्त |

आज्ञाले,
डा. ईस्वरप्रसाद उपाध्याय
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

### राजस्व समूह (गठन, श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०४६

निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरूको नाम "राजस्व समूह (गठन, श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०४६" रहेको छ ।

(२) यो नियमावली २०४६ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा "राजस्व समूह" (यसपछि "समूह" भनिएको) भन्नाले कार्य विशिष्टताको आधारमा राजस्व प्रशासनसँग सम्बन्धित पदहरूको समूह सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. समूहमा रहने श्रेणी र पदः (१) समूहमा देहायका श्रेणी र पदहरू रहनेछन्:–

(क) राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिव वा सो सरह),

(ख) राजपत्राङ्कित द्वितीय श्रेणी (सहायक सचिव वा सो सरह),

(ग) राजपत्राङ्कित तृतीय श्रेणी (शाखा अधिकृत वा सो सरह) र

(घ) राजपत्र अनङ्कित प्रथम श्रेणी (नायब सुब्बा वा सो सरह) ।

(२) समूहमा रहने पदहरू अनुसूची–१ मा तोकिए बमोजिम हुनेछन् ।

४. रिक्त पदको पूर्तिः समूहमा रिक्त पदको पूर्ति देहायबमोजिम गरिनेछः–

(क) राजपत्राङ्कित द्वितीय श्रेणी उपसचिव वा सो सरहको रिक्त पदमा रिक्त पदको ५० प्रतिशत र २५ प्रतिशत एक तह मुनिको पदमा ४ वर्ष सेवा अवधि पुगेका कर्मचारीहरू मध्येबाट क्रमशः बढुवा र आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा र बाँकी २५ प्रतिशत नेपाल प्रशासन सेवा अन्तर्गतका समान श्रेणी र तहका योग्यता पुगेका कर्मचारीहरूबाट प्रतियोगिता गराई समूह परिवर्तनद्वारा,

(ख) राजपत्राङ्कित द्वितीय श्रेणी सहायक सचिव वा सो सरहको रिक्त पदमा रिक्त पदको ५० प्रतिशत र २५ प्रतिशत एक तह मुनिको पदमा ४ वर्ष सेवा अवधि पुगेका कर्मचारीहरू मध्येबाट क्रमशः बढुवा र आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा र बाँकी २५ प्रतिशत नेपाल प्रशासन सेवा अन्तर्गतका समान श्रेणी र तहका योग्यता पुगेका कर्मचारीहरूबाट प्रतियोगिता गराई समूह परिवर्तनद्वारा,

(ग) राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृत वा सो सरहको रिक्त पदमा रिक्त पदको ५० प्रतिशत खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा, २५ प्रतिशत नेपाल प्रशासन सेवा अन्तर्गतका समान श्रेणीका योग्यता पुगेका कर्मचारीहरूमध्येबाट प्रतियोगिता गराई समूह परिवर्तनद्वारा, १५ प्रतिशत राजपत्र अनङ्कित प्रथम श्रेणीको पदमा ५ (पाँच) वर्ष सेवा अवधि पुगेका कर्मचारीहरू मध्येबाट आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा र बाँकी १० प्रतिशत राजपत्र अनङ्कित प्रथम श्रेणीको पदमा १५ (पन्ध्र) वर्ष सेवा अवधि पुगेका कर्मचारीहरू मध्येबाट अन्तरवार्ताद्वारा,

(घ) राजपत्र अनङ्कित प्रथम श्रेणीको रिक्त पदमा ५० प्रतिशत खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा, २५ प्रतिशत प्रशासनतर्फका समान श्रेणीका पदमा कार्यरत योग्यता पुगेका कर्मचारीहरू मध्येबाट प्रतियोगिता गराई समूह



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिवर्तनद्वारा र बाँकी २५ प्रतिशत पदमा अर्थ मन्त्रालय अन्तर्गत विभिन्न निकायमा कार्यरत प्रशासनतर्फका राजपत्र अनङ्कित द्वितीय श्रेणी, खरिदार वा सो सरहको कर्मचारीहरू मध्येबाट बढुवाद्वारा ।

५. नयाँ नियुक्तिः (१) निजामती सेवा नियमावली, २०२१ बमोजिम कुनै अयोग्यता नभएका, तोकिएको शैक्षिक योग्यता पुगेका र प्रचलित नियम बमोजिम नियुक्तिको लागि सिफारिश भएका व्यक्तिहरू राजस्व समूहको पदमा नियुक्तिको लागि योग्य हुनेछन् ।

(२) समूहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता अनुसूची–२ मा तोकिएबमोजिम हुनेछ ।

६. समूह निर्धारण : (१) यो नियमावली प्रारम्भ भएको बखत अनुसूची–३ मा उल्लिखित निकायहरूमा बहाल रहेका योग्यता पुगेका कर्मचारीहरूलाई लोक सेवा आयोगको परामर्श लिई अर्थ मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयका सचिवहरू सदस्य भएको समितिको सिफारिशमा राजस्व समूहमा समूहीकृत गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको समितिले सिफारिश गरी समुहीकृत गरिएका राजपत्राङ्कित कर्मचारीहरूको नामावली राजपत्रमा प्रकाशित गरिनेछ । राजपत्र अनङ्कित कर्मचारीको हकमा सम्बन्धित कर्मचारीलाई जानकारी दिइनेछ ।

७. सरुवा : (१) समूहको कुनै कर्मचारीलाई कार्यक्षमताको आधारमा समूह बाहिरको प्रशासन सेवाको मिल्दो पदमा सरुवा गर्नु पर्ने देखिएमा सोको कारण उल्लेख गरी सरुवा गर्न सकिनेछ ।

(२) समूहका कर्मचारीलाई मन्त्रालय, विभाग र कार्यालयस्तरमा आलोपालो गरी सरुवा गरिनेछ । जिल्लास्तरमा मात्र कुनै पनि कर्मचारी राखिनेछैन ।

(३) कार्यक्षमताको आधारमा एक पटक समूह बाहिर सरुवा भएको कर्मचारीलाई पुनः समूहमा सरुवा गरिनेछैन ।

८. समूह परिवर्तनः (१) शैक्षिक योग्यता, तालिम र कार्य विशिष्टताको आधारमा श्री ५ को सरकारले चाहेमा कुनै कर्मचारीलाई समूह परिवर्तन सम्बन्धी कार्यविधि अपनाई नेपाल प्रशासन सेवा वा सो सेवाको अन्य समूहको पदबाट राजस्व समूहमा समूह परिवर्तन गरी पदस्थापन गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) शैक्षिक योग्यता, तालिम र कार्य विशिष्टताको आधारमा समूह परिवर्तन गर्न चाहने कर्मचारीले समूह परिवर्तनको लागि निवेदन दिएमा श्री ५ को सरकारले त्यस्तो निवेदन उपर विचार गरी निजको समूह परिवर्तन गर्न सक्नेछ ।

९. बढुवाः (१) समूहका कर्मचारीहरूको बढुवा समूहभित्र मात्र हुनेछ ।

तर राजपत्राङ्कित द्वितीय श्रेणी सहायकसचिव वा सो सरह र सो भन्दा माथिको पदमा बढुवाको लागि उम्मेदवार हुन राजपत्राङ्कित तृतीय श्रेणी खुल्ला प्रतियोगितात्मक परीक्षाको लागि तोकिएको आवश्यक न्यूनतम योग्यता पुगेको हुनु पर्नेछ ।

(२) राजपत्राङ्कित द्वितीय श्रेणी उपसचिव वा सो सरहको कर्मचारी-हरूलाई नेपाल प्रशासन सेवाको राजपत्राङ्कित प्रथम श्रेणी, सह-सचिव वा सो सरहको पदमा बढुवाको लागि उम्मेदवार हुन बाधा पुऱ्याएको मानिने छैन ।

१०. उप-समूह गठन गर्न सक्नेः श्री ५ को सरकारले लोक सेवा आयोगको परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समूहभित्र आवश्यकतानुसार उप-समूहहरू गठन गर्न सक्नेछ ।

११. समूह संचालनः समूहको संचालन प्रत्यायोजित अधिकार बमोजिम अर्थ मन्त्रालय वा श्री ५ को सरकारले तोकिदिएको अन्य कुनै मन्त्रालयले गर्नेछ ।

१२. सम्पत्ति विवरणः समूहमा कार्यरत सबै कर्मचारीहरूले आफ्नो परिवारको स्वामित्व वा नाममा रहेको सम्पत्तिको विवरण श्री ५ को सरकारले तोकिदिएको ढाँचामा प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३० दिनभित्र अर्थ सचिव वा निजले तोकेको अधिकारी समक्ष पेश गर्नु पर्नेछ । प्राप्त विवरण उपर जुनसुकै समयमा पनि आवश्यक छानबिन गर्न सकिनेछ ।

१३. बचाउः यस नियमावलीमा उल्लेख भएकोमा यस नियमावली बमोजिम र अरूमा प्रचलित कानून बमोजिम हुनेछ ।

१४. अनुसूचीमा हेरफेर वा थपघटः श्री ५ को सरकारले लोक सेवा आयोगको परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकतानुसार अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१

### समूहमा रहने पदहरू

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

| राजपत्राङ्कित द्वितीय श्रेणी उपसचिव सरह | राजपत्राङ्कित द्वितीय श्रेणी सहायकसचिव सरह | राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृत सरह | राजपत्र अनङ्कित प्रथम श्रेणी ना.सु. सरह |
|---|---|---|---|
| (क) उपसचिव | (क) सहायकसचिव | (क) शाखा अधिकृत | (क) नायब सुब्बा |
| (ख) उप-निर्देशक | (ख) सहायक निर्देशक | (ख) भन्सार अधिकृत | (ख) कर निरीक्षक |
| (ग) प्रमुख भन्सार अधिकृत | (ग) वरिष्ठ भन्सार अधिकृत | (ग) कर अधिकृत | (ग) अन्तःशुल्क निरीक्षक |
| (घ) प्रमुख कर अधिकृत | (घ) वरिष्ठ कर अधिकृत | (घ) अन्तःशुल्क अधिकृत | (घ) बिक्रीकर निरीक्षक |
| (ङ) प्रमुख अन्तः शुल्क अधिकृत | (ङ) वरिष्ठ अन्त शुल्क अधिकृत | (ङ) बिक्रीकर अधिकृत | (ङ) अनुसन्धान सहायक |
| (च) प्रमुख बिक्री-कर अधिकृत | (च) वरिष्ठ बिक्रीकर अधिकृत | (च) प्रशिक्षक | (च) श्री ५ को सरकारले समय-समयमा तोकेका अन्य पदहरू |
| (छ) संयोजक | (छ) श्री ५ को सरकार-ले समय-समयमा तोकेका अन्य पदहरू | (छ) पाठ्यक्रम विकास अधिकृत (राजस्व प्रशासन तालीम केन्द्र) | |
| (ज) अनुसन्धान अधिकृत | | (ज) श्री ५ को सरकारले समय-समयमा तोकेका अन्य पदहरू | |
| (झ) वरिष्ठ प्रशिक्षक | | | |
| (ञ) श्री ५ को सर-कारले समय-समयमा तोकेका अन्य पदहरू | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–२

(नियम ५ को उपनियम (२) सँग सम्बन्धित)

### राजपत्राङ्कित पदहरूको लागि चाहिने शैक्षिक योग्यता

(क) वाणिज्य वा व्यवस्थापन शास्त्रमा स्नातक,

वा

(ख) अर्थ शास्त्रमा स्नातक,

वा

(ग) जन प्रशासनमा स्नातक,

वा

(घ) कानूनमा स्नातक,

वा

(ङ) गणित वा तथ्याङ्क शास्त्रमा स्नातक ।

### राजपत्र अनङ्कित पदहरूका लागि चाहिने शैक्षिक योग्यता

राजपत्राङ्कित पदहरूका लागि तोकिएका बिषयहरू लिई प्रमाणपत्र तह उतीर्ण ।

## अनुसूची–३

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

### समूह निर्धारणमा पर्ने निकायहरू

१. अर्थ मन्त्रालय
२. कर विभाग र अन्तर्गत
३. भन्सार विभाग र अन्तर्गत
४. अन्तःशुल्क विभाग र अन्तर्गत
५. बिक्रीकर विभाग र अन्तर्गत
६. राजस्व प्रशासन तालीम केन्द्र

आज्ञाले,
श्यामप्रसाद अधिकारी
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य मन्त्रालय, औलो नियन्त्रण महाशाखाको लागि वेलायतको ICI Public Health Fernhurst Haslemere Surrey बाट खरीद भई पैठारी हुने अमेरिकी डलर ४,६७,२८० बराबरको ७७८८ किलोग्राम Lamda-Cyhalothrin (ICON) 10 WDP कीटनाशक औषधीको पैठारीमा लाग्ने भन्सार महसुल एवम् बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उपसचिव

456



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४९।३।१ को निर्णयले नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| सि. नं. | नाम, थर | साबिक पद र कार्यालय | हाल सरुवा गरिएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री परशुराम भारी | योजना तथा प्रशासकीय अधिकृत, जिल्ला विकास समितिको कार्यालय, अर्घाखाँची । | राजपत्राङ्कित तृतीय श्रेणी, सञ्चार मन्त्रालय वा अन्तर्गत । |
| २. | श्री चन्द्रकुमार अधिकारी | योजना तथा प्रशासकीय अधिकृत, जिल्ला विकास समितिको कार्यालय, रौतहट । | राजपत्राङ्कित तृतीय श्रेणी, कृषि मन्त्रालय वा अन्तर्गत । |
| ३. | श्री गणेशप्रसाद खनाल | योजना तथा प्रशासकीय अधिकृत, जिल्ला विकास समितिको कार्यालय, सर्लाही । | राजपत्राङ्कित तृतीय श्रेणी, राष्ट्रिय योजना आयोगको सचिवालय वा अन्तर्गत । |
| ४ | श्री उमाकान्त पराजुली | राजपत्राङ्कित तृतीय श्रेणी, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । | शाखा अधिकृत, सामान्य प्रशासन मन्त्रालय । |
| ५. | श्री विनोद भौकाजी | " " | " " |
| ६. | श्री रामेश्वरराज कारन्जित | शाखा अधिकृत, जलस्रोत मन्त्रालय । | राजपत्राङ्कित तृतीय श्रेणी, राष्ट्रिय योजना आयोगको सचिवालय वा अन्तर्गत । |

आज्ञाले,
ठाकुरप्रसाद पाण्डे
उपसचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।